# *Mahalaxmi Garments Industries*

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal

**अत्यन्त जरुरी**

च.नं. ७४/७९/८०

मिति :- २०७९/०४/०५

**'हेलो सरकार', नेपाल सरकार**
**प्रधानमन्त्री एवम् मन्त्री परिषद् कार्यालय,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

**विषय : रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्यको छानबिन सम्बन्धमा**

**हेलो सरकार,**

उपरोक्त सम्बन्धमा म उद्योगीले मिति २०७९/०३/२९ मा श्री हेलो सरकार समक्ष तथ्य प्रमाण सहित निवेदन पेश गरेको थिए । हेलो सरकारबाट मेरो निवेदन नेपाल राष्ट्र बैंक पठाइएको थियो । हेलो सरकारमार्फत प्राप्त उक्त निवेदन सम्बन्धमा नेपाल राष्ट्र बैंकले जवाफमा गुनासो सम्बन्धी हाल अदालतमा विचाराधीन रहेको साथै सो विषयमा म उद्योगीलाई नेपाल राष्ट्र बैंकले अवगत गराइसकेको भनी उल्लेख गरी जवाफ पठाएको हेलो सरकारमार्फत जानकारी हुन आएको छ ।

**हेलो सरकार,** उक्त निवेदनको विषयमा श्री नेपाल राष्ट्र बैंकबाट आएको जवाफ उचित/सही नरहेको र उद्योगीद्वारा दर्ता गरिएको निवेदन तथा प्रमाणको गम्भीरतापूर्वक अध्ययन/जाँचबुझ समेत नगरी जवाफ पठाएकोमा जवाफ स्वीकार गर्न नसकिने जानकारी गराउन चाहन्छु ।

नेपाल राष्ट्र बैंकले पठाएको जवाफमा उल्लेख भए अनुसार **निवेदनमा उल्लेखित विषय उद्योगको कालीमाटी २(क) को कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको सम्बन्धमा अदालतमा कुनै मुद्दा विचाराधीन नरहेको** हेलो सरकारलाई जानकारी गराउन चाहन्छु ।

**हेलो सरकार,** उद्योगको कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्ति को मिति २०६२/०३/१७ मा राष्ट्रिय वाणिज्य बैंकद्वारा निकालिएको उक्त लिलामी र सो सम्बन्धमा बैंकद्वारा भए गरिएका गैरकानुनी काम कारवाहीको विषयमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा पटक–पटक सम्बन्धित निकायमा कारबाहीका लागि पत्राचार गरिएको हेलो सरकारलाई पुनः जानकारी गराउन चाहन्छु ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको निर्देशानुसार नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०२/२० (पत्र. सं. बै.वि.नि.वि./ जि.एच.सि/८७/०६५/६६)मा तथा पुनः मिति २०६६/०३/०७ (पत्र. सं. बै.वि.नि.वि./ जि.एच.सि/९४/०६५/६६) मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन भनी पत्रहरु पठाएको थियो ।

**हेलो सरकार**, माथि उल्लेखित नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकलाई यथाशीघ्र प्रतिवेदन उपलब्ध गर्न भनी पत्रहरु पठाएकोमा राष्ट्रिय वाणिज्य बैंकबाट के जवाफ प्राप्त भएको, नेपाल राष्ट्र बैंकबाट के कारवाही भएको जानकारी पाँउ भनी पटक–पटक निवेदन गरेको तथा भेट समेत गरी कारवाहीको अनुरोध गरेको थिए । सो सम्बन्धमा हालसम्म पनि कारबाही नभएकोमा पुनः मिति २०७९/०३/२४ मा च.नं. ५४/७९/८० (दर्ता नं ६०१), च.नं. ५५/७९/८० (दर्ता नं ११६), च.नं. ५६/७९/८० (दर्ता नं ७५) मा नेपाल राष्ट्र बैंकलाई निवेदन गरेको छु ।

नेपाल राष्ट्र बैंकको हेलो सरकारलाई जवाफमा उल्लेख भए अनुसार **म उद्योगीलाई उपरोक्त विषयमा अवगत गराई सकेको भनि लेखिएको भएतापनि हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको** हेलो सरकारलाई जानकारी गराउन चाहन्छु ।

**हेलो सरकार,** अन्तराष्ट्रिय रुपमा बिस्तार, रा. बा. बैंकबाट स्वीकृत सिमा ‘लिमिट’ भित्र आफ्नो ऋण र ब्याजलाई व्यवस्थित राख्दै नाफामा चलिरहेको राष्ट्रको सबैभन्दा ठूलो निर्यातजन्य गार्मेन्ट उद्योगको बैंकको स्वीकृत सिमा ‘लिमिट’ अन्तर्गत चलिरहेको अवस्थामा कारोबार राष्ट्रिय वाणिज्य बैंकले अचानक बिनाकारण बन्द गरेदेखि उद्योगमाथि अन्याय माथि अन्याय गरिदैं आएको छ ।

उद्योगीले पटक–पटक आग्रह गर्दा समेत स्विकृत सिमा ‘लिमिट’ भित्र कारोबार गराउनु सट्टा तथा उद्योगीको प्रतिबद्धता हुदाँ–हुदैं पनि राष्ट्रिय वाणिज्य बैंकले बेवास्ता गरी पटक–पटक ऋण उठाउने नाममा उद्योगको बहुमूल्य धितो सम्पत्तिहरुलाई न्यायोचित मूल्याङ्कन समेत नगरी (पुर्नमूल्याङ्कन समेत नगरी तथा मालपोत रजिष्ट्रेशन मूल्याङ्कनलाई समेत अनुशरण नगरी) अनियमितता र गैरकानुनी तरिकाले लिलामी गरेको छ ।

रा. बा. बैंकले उद्योगप्रति दुरासयुक्त भावना राखी विगतमा आफूले गरेका गैरकानूनी कामकारबाहीको ढाकछोप गर्नका लागि र कारबाही रोक्न रा. बा. बैंकले गलत बयान र प्रतिक्रिया दिदैं आएको छ । उद्योगको व्यापार र धन सम्पत्तिलाई क्षति पुऱ्याई ऋण देखाएर उद्योगको दुष्प्रचार गर्दै उद्योगको प्रतिष्ठालाई समेत हानी पुऱ्याउँदै आएको हेलो सरकारलाई जानकारी गराउन चाहन्छु ।

नेपाल राष्ट्र बैंकको मिति २०७९/०२/२० को पत्र संख्याः बै.वि.नि.वि./जी.एच.सी./१९/०७८/७९ को पत्र बमोजिम नेपाल राष्ट्र बैंकको सान्धियमा रा. बा. बैंक र म उद्योगीबीच तथ्य–प्रमाणहरुका आधारमा छलफल भई ऋण सम्बन्धमा सबै कुरा फर्छयौट् हुने नै छ ।

बैंक तथा वित्तीय संस्थाबाट उद्योगविरुद्ध भए गरिएका अनियमितता र गैरकानुनी काम कारबाहीको छानबिन, जाँचबुझ गरी कारबाही गर्ने नियामक निकाय रहेकोले नेपाल राष्ट्र बैंकबाट उद्योगीको गुनासो सम्बोधन गरी समस्या समाधान गराइदिनुहुन सादर विनम्र अनुरोध गर्दछु ।

**हेलो सरकार**, म उद्योगीले मिति २०७९/०३/२९ मा हेलो सरकार समक्ष तथ्य प्रमाण सहित पेश गरेको बिस्तृत निवेदन यस निवेदन साथ संलग्न गरि पुनः प्रस्तुत गर्दछु । सो विषयमा आवश्यक कारबाहीका लागि हेलो सरकार समक्ष सादर विनम्र अनुरोध गर्दछु ।

**'हेलो सरकार'बाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**
**बृज गोपाल इनानी**
**प्रोपाइटर**
**महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज**
**पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।**
**फोन नं.:– ९७७–९८४९६५०५१४**
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com